SERVICE CHILDREN'S EDUCATION
HORNBILL SCHOOL BRUNEI

HORNBILL NEWSLETTER
Main Site Tel: 3224101 ext 3214/Fax: 3222133
Foundation Site Tel/Fax: 3333225
Email: office.hornbill@sceschools.com
www.hornbillschool.com
Head Teacher Mrs Kathy Wood MBE MEd
शुक्रबार ०५ फेब्रवरी २०१०

Welcome
'Flying High'
Working together to Build a Successful Future for All

**हाम्रो बिद्यालयको यस टर्मको मुल्यमान्यता धैर्य अनि उत्तरदायित्व रहेको छ ।**

आदरणीय अभिभावकज्यु ,
हाम्रो प्यारेन्ट्स टिचंस कन्सल्टेशन मिटिङ्गहरुले गर्दा यो हप्ता निकै नै व्यस्त रह्यो । यी मिटिङ्गहरुमा उपस्थित हुनु भएका सम्पूर्ण अभिभावकहरुमा हार्दिक धन्यबाद दिन चाहन्छौं साथै तपाईहरुलाई पनि उक्त मिटिङ्गहरु उपयोगी लाग्यो होला भनी आशा राखेका छौं । यदि तपाईंहरुले आफ्ना नानीका कक्षा शिक्षक शिक्षिकालाई भेट्न पाउनु भएको छैन भने कृपया, अर्को हप्ता समय मिलाएर भेट्नुहोला । एक्स्प्रेसिभ आर्ट्स वीक नजिकै आउदै छ । यदि तपाईंहरु आफ्नो प्रतिभा देखाउन चाहनु हुन्छ भने हामीलाई सम्पर्क राख्नुहोला ।
तपाईको सप्ताहन्त रमणीय रहोस् ।
क्याथी वुड ।
हेडटिचर ।

**भिजिटर**
हाम्रो एस सि ई लिङ्क ईन्सपेक्टर एडभाइजर श्री ग्राहम मार्सल १५ फरवरी २०१० मा बिद्यालयको सप्ताहव्यापी भ्रमणमा आउनु हुनेछ । उहाँ हाम्रो हेड टिचर क्याथी वुड संगै रही बिद्यालयको विस्तार अनि बिकास सम्बन्धी काम व्यस्त रहनुहुनेछ ॥

**हेल्थ एण्ड सेफ्टी ।**
वर्षा भएको दिनहरुमा कृपया नानीहरुलाई पानी जुत्ता (गमबुट) लगाई पठाउन आग्रह गर्दछौं । तापनि स्कूल आएर फेर्नलाई नानीहरुले सधैं स्कूलमा लगाउने जुत्ता भने झोलामा राखी ल्याउनु पर्नेछ ।

**रिमाइन्डर ।**
१३३० अनि १४१५ बजे आफ्नो नानी लिनु आउनु हुने अभिभावकहरुलाई ठिक समयमा नै आउनु हुन भनी आग्रह गर्न चाहन्छौं । नानीहरुले छाडेका अनि सोधखोज नगरिएका घडीहरु लगायत एउटा कानको गहना बिद्यालयमा छ । यदि तपाईको नानीले यी वस्तुहरु हराएका छन् भने बिद्यालय कार्यलयमा (श्रीमती लिला गुरुङ) संग एक्सट्न्सन ३२१४मा सम्पर्क गर्नुहोला ।
यदि तपाईंहरुले आफ्नो नानीको बसको समय तालिकामा कुनै परिवर्तन गर्नुभएको छ भने कृपया, बस सुपरभाइजर र विद्यालय अफिसमा जानकारी गराउनुहोला ।

**चाईनिज नयाँ बर्ष ।**
आज चाईनिज नयाँ बर्ष अर्न्तगत कक्षा १ द्वारा उत्कृष्ट सेलेब्रेशन एसेम्बलीको प्रस्तुतिमा उपस्थित हुनु हुने सम्पूर्ण अभिभावकहरुमा हार्दिक धन्यबाद व्यक्त गर्न चाहन्छौ । कक्षा १का नानीहरु लगायत स्टाफहरुमा स्याबास ।

**युनिफर्महरु ।**
बिद्यालय आउँदा नानीहरुले उपयुक्त युनिर्फमहरु बिद्यालयको टोपी, सही जुत्ताहरु लगाएको हुन पर्ने बिषयमा कृपया ध्यान दिन हुन आग्रह गर्दछौं । यदि बिद्यालय युनिफर्म अनि टोपी खरिद गर्न चाहनु हुन्छ भने कृपया बिद्यालय कार्यलय एक्सटेन्सन ३२१४मा सम्पर्क राख्न हुन अनुरोध गर्दछौं ।

**एक्सप्रेसिभ आर्ट्स विक अनि सेलेब्रेशन एसेम्बली ।**
आगामी सोमबार १५ फेब्रवरी विहान ०८४५ बजे मेन साईटमा हुने हाम्रो एक्सप्रेसिभ आर्ट विक लअन्च एसेम्बलीमा सबै अभिभावकहरुमा हार्दिक स्वागत गर्दछौं ।उक्त दिन २आर जि आर पाईप्स एण्ड ड्रम्स, २ आर जि आर खुकुरी नृत्य समुह अनि हाम्रा केही अभिभावकहरुका कलाहरु प्रस्तुत गर्नेछौं । त्यसैले यो मुख्य कार्यक्रम नछुटाउनु होला र आगामी बिहिबार १८ फेब्रवरीको दिन १२४५ बजे मेन साइटमा एक्सप्रेसिभ आर्ट विक सेलेब्रेशन एसेम्बलीमा सबै अभिभावकहरुमा स्वागत गर्न चाहन्छौं ।

**फेमेली लर्निङ्ग प्रोग्राम (एफ एल पि ) ।**
गत बुधबार सम्पन्न गणित अर्न्तगत हाम्रो फेमेली लर्निङ्ग प्रोग्राममा उपस्थित अभिभावकहरुमा हार्दिक धन्यबाद दिन चाहन्छौं । यस कायैक्रमको तयारी गर्नमा हाम्रा टिचरहरुले निकै प्रयत्न गर्नु भएको छ। यी सेसनहरु तपाईहरुलाई प्रयोगात्मक लाग्यो होला भनी आशा राखेकाछौं । यदि तपाईहरुलाई हाम्रो पाठयकम अर्न्तगत कुनै क्षेत्रमा फेमेली लर्निङ्ग प्रोग्रामको सेसनहरु चाहनु हुन्छ भने कृपया श्री राजेश थापालाई एक्सट्न्सन ३८८५मा अथवा ३२१४मा सम्पर्क राख्न सक्नु हुनेछ । हाम्रा नेपाली बिशेषज्ञ शिक्षक शिक्षिकाहरु श्री ज्ञानेन्द्र ब्याँक्स, श्री गोविन्द गुरुङ्ग, श्रीमती हिरा गुरुङ्ग, श्री सरभाग्य मणि प्रधान अनि श्री टिका राम थापा साथै श्रीमान स्कटको साथमा यस सेसनको अगुवाई गर्नु हुने श्री कलिन हन्टरमा हार्दिक धन्यबाद प्रकट गर्न चाहन्छौं ।
उपस्थित केही अभिभावकहरुको प्रतिकियाहरु -
यो सेसन सबै अभिभावकहरुको लागी प्रयोगात्मक थियो -श्रीमती विन्दुवाला सुब्बा ।
भविष्यमा यस्ता धेरै सेसनहरुको अपेक्षा गर्दछौं -श्रीमती दिपा ।
आजको सेसनमा सिकेका गणितका शैलीहरु नानीहरुका लागी परम्परागत शैली भन्दा धेरै राम्रो अनि सरल लाग्यो ।समय समयमा यस्तै कार्यक्रमहरुको अपेक्षा राख्दछौं । मेरो बिचारमा यो धेरै नै आवश्यक छ । धन्यबाद - श्रीमती सारादी राई ।
यो अध्ययनको साँझ सबै अभिभावकहरुको लागी एकदमै प्रयोगात्मक अनि उपयोगी थियो । यो सेसनबाट हामीले धेरै फायदा लियौं । धन्यबाद । भविष्यमा अझै धेरै सेसनहरुको अपेक्षा गरेकाछौं । प्रभ्लम सल्भिङ्गमा अझै धेरै सेसन संचालन गराउनु होला -श्री सेह्न मेकलिन ।

**विद्यालय पोशाक**
कृपया, आफ्ना नानीहरुलाई विद्यालय पठाउंदा विद्यालयको पोशाक, टोपी र सुहाउंदो जुत्ता पहिराएर पठाउनुहोला । यदि तपाईलाई आफ्नो नानीका लागि कनै पोशाक वा सामाग्री किन्न पर्नेछ भने विद्यालयमा सम्पर्क राख्नहोला ।

**फाउण्डेशन साइटको हालखबर ।**
एफ एस १ मा नानीहरुको अर्को हप्ताको अध्ययनको बिषय चाईनिज नयाँ बर्ष अर्न्तगत रहनेछन् ।

नयाँ भर्ना भएका नानीहरु रेड कक्षामा जर्ज केमरन अनि ओरेन्ज कक्षामा प्रशान्त राईलाई हामी हार्दिक स्वागत गर्न चाहन्छौं । यस बिद्यालयमा उनीहरुको हामीसंगको वसाई रमणीय रहने छ भनी आशा राखेका छौं ।



**तपाईको डायरीको लागी ।**
शुक्रबार १२ फेब्रवरी १० - शिव रात्री अर्न्तगत कक्षा ६को सेलेब्रेशन एसेम्बली मेन साइटमा । कृपया उपस्थित भइ हाम्रो सेलेब्रेशन एसेम्बलीमा सहभागी हुनु होला ।
सोमबार १५ फेब्रवरी १० -एक्सप्रेसिभ आर्टस् विक लअन्च एसेम्बली मेन साइटमा ०८४५ बजे । सबै अभिभावकहरुमा स्वागत छ ।
बिहिबार १८ फेब्रवरी १० -एफ एसमा सेलेब्रेशन एसेम्बली १०००बजे ।
एक्सप्रेसिभ आर्टस् सेलेब्रेशन एसेम्बलीमा मेन साइटमा १२४५ बजे । सबै अभिभावकहरुमा स्वागत छ ।
छैटौ अर्न्तराष्ट्रिय सम्मेलन विहान ०७४५ -१५३० बजे के बीमा । नानीहरुबो लागी बिद्यालय बिदा ।
शुक्रबार १९ फेब्रवरी १० - बिहान ०७४५ देखि १५३० बजे सम्म के बी मा छैटौं अन्तराष्ट्रिय सम्मेलन । बिद्यालय बिदा ।
सोमबार २२-२६ फेब्रवरी १० - **हाल्फ टर्म बिदाको लागी विद्यालय बन्द ।**
सोमबार ०१ मार्च १० - बिद्यालय पुन: संचालन । सायन्स् एण्ड बुक विक आरम्भ ।
बुधबार ०३ मार्च १० - सृजनात्मक बिकास अर्न्तगत फेमेली लर्निङ्ग प्रोग्राम मेन साइटमा सबै अभिभावकहरुको निम्ति १७०० बजे ।